## महालेखापरीक्षकको कार्यालय
## बबरमहल, काठमाडौं

# मालसामानहरु लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६९।११।१४)

यस कार्यालयको पुरानो तपसिल बमोजिमका (फर्निचर, कार्यालय सामान, कम्प्युटर तथा पार्टस्) सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुनाले इच्छुक व्यक्ति वा फर्मबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. मालसामानको विवरण:

| सि.नं. | लिलाम हुने मालसामान | न्यूनतम मूल्य | बोलपत्र फराम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचर, कार्यालय सामान, कम्प्युटर तथा पार्टस लगायतका मालसामानहरु | ४८,४७८ | ३००।– | |

२. बोलपत्र सम्बन्धी कागजात मिति २०६९।११।२८ गतेसम्म कार्यालय समयभित्र रु.३००।– (तीनसय) पछि फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । बोलपत्र फाराम मिति २०६९।११।३० गते १२ बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु मिति २०६९।११।३० गते दिउँसो २:०० बजे महालेखापरीक्षकको कार्यालय, बबरमहलमा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रसाथ कबुल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंक, थापाथलीस्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं.१३१४१४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्र पेश गर्दा यस कार्यालयबाट बिक्री भएको बोलपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।

५. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएपछि ७ दिनभित्र कबोल रकम र सोको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर दाखिला गरी सामान उठाई लैजानुपर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

६. लिलामका लागि परिमाण सूचीमा उल्लिखित सामानहरु एकमुष्ट रुपमा उठाउनुपर्नेछ । आंशिक कबोल गरेको र म्याद नाघी एवं रीत नपुगी आएका बोलपत्र अमान्य हुनेछ ।

७. लिलाम हुने मालसामान कार्यालय समयमा हेर्न सकिनेछ ।

८. लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मले इजाजत प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

९. लिलाम गरिने मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ । शर्त राखी पेश भएका बोलपत्रलाई मान्यता दिइने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११. यसमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमबमोजिम हुनेछ ।